नेपाल सरकार

# शिक्षक सेवा आयोग

# प्रेश विज्ञप्ति

शिक्षक सेवा आयोग शिक्षक व्यवस्थापनका लागि योग्यता प्रणाली (merit system) को संरक्षण, सम्बर्धन गर्ने र कार्यान्वयनमा ल्याउने स्वायत्त निकाय हो । आयोगद्वारा शिक्षक पदपूर्तिका लागि निश्चित गरिएका माध्यमिक र निम्नमाध्यमिक तहको अन्तर्वार्ताका कार्यक्रमहरु लगायत खुला विज्ञापनसम्बन्धी सम्पूर्ण कार्यक्रमहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाडौंको पत्रका आधारमा स्थगित भएका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन कार्य सम्पन्न गरी मिति २०७०।११।१९ को पत्रमा "शिक्षक नियुक्ति प्रकृया अत्यन्तै महत्वपूर्ण र सम्वेदनशील विषय हुँदा लामो समयसम्म यस प्रक्रियालाई रोकिराख्नु उपयुक्त र तर्कसंगत नहुने हुँदा प्रस्तुत परीक्षासम्बन्धी काम कारबाहीलाई सुसञ्चालन गर्न शिक्षक सेवा आयोगलाई लेखी पठाउने" उल्लेख भई आएका सन्दर्भमा शिक्षक सेवा आयोगले शिक्षक पदपूर्तिका लागि गरेका खुला विज्ञापनसम्बन्धी कार्यक्रमहरु यथाशिघ्र प्रकाशन गरी कामकारवाहीहरु सञ्चालन गर्नुपर्ने हुँदा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि निम्न व्यहोराका साथ यो विज्ञप्ति प्रकाशित गरिएको छ

१. आयोगले माध्यमिक र निम्नमाध्यमिक तहको अन्तर्वार्तासम्बन्धी कार्यक्रम र प्राथमिक तहको लिखित परीक्षाको नतिजा यथाशिघ्र प्रकाशन गर्नेछ

२. काठमाडौं जिल्लाको माध्यमिक तहको स्वास्थ्य शारीरिक शिक्षा विषयको नतिजाका हकमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७०।१०।१२ मा शिक्षक सेवा आयोगको काममा हस्तक्षेप गर्नु नपर्ने भनी आदेश जारी भएको

३. शिक्षक सेवा आयोगले लिखित परीक्षाका उत्तरपुस्तिकाहरु पहिलो र दोस्रो कोड गरी मापदण्ड पुगेका परीक्षकबाट परीक्षण र सम्परीक्षकबाट सम्परीक्षण तथा प्राप्ताङ्कको जोड जम्मा रुजु गराई उनीहरुबाट प्राप्त भएको मार्कस्लीपका आधारमा नतिजा तयार गर्ने भएकाले मकवानपुर जिल्लाको अंग्रेजी विषयको क्रमाङ्क ३३१०२००१२९ का सम्बन्धमा परीक्षक र सम्परीक्षकबाट गल्ती भएको देखिंदा नतिजामा आवश्यक संशोधन गरिने र परीक्षक र सम्परीक्षकलाई आयोगको नियमानुसार आवश्यक कारबाही गरिने

४. लिखित परीक्षामा सामेल भएका अधिकांश परीक्षार्थीहरुले थप उत्तरपुस्तिकाको प्रयोग गर्ने र सबै परीक्षार्थीहरुको मूल र थप उत्तरपुस्तिकामा प्रयुक्त हस्ताक्षर एउटै हो होइन भन्ने विषयमा यकिन गर्न आयोगमा जनशक्ति र प्रबिधि नभएको एवम् क्रमांक २९१०३००१५० का परीक्षार्थीको माध्यमिक तहको गणित विषयको मूल उत्तरपुस्तिका र थप उत्तरपुस्तिकामा प्रयुक्त हस्ताक्षर फरक परेको भन्ने सम्बन्धमा यस आयोगमा अहिलेसम्म कुनै उजुरी नपरेको तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट परीक्षण गराई हस्ताक्षर यकिन गर्दा फरक परेकाले सो नतिजा रद्द गरी सम्बन्धित परीक्षार्थी तथा परीक्षा सञ्चालनमा सम्बन्धित परीक्षा केन्द्रमा खटिएका सम्बद्ध जनशक्तिलाई नियमानुसार कारबाही गरिने

५. यस आयोगले आगामी दिनमा प्रकाशन गर्ने नतिजाको शुद्धता अभिवृद्धिका लागि थप मापदण्डहरु अबलम्बन गरिसकेको र उत्तरपुस्तिका पुनर्योग गर्ने गराउने सन्दर्भमा व्यवहारिक, कानुनी, प्रशासनिक, परीक्षार्थी संख्या लगायतका समस्या र चुनौतीहरु समेतलाई ध्यान दिएर आगामी विज्ञापनदेखि कानुनमा आवश्यक व्यवस्था गरिने

६. सुधारको प्रक्रिया निरन्तर रुपमा चलिरहने भएकाले आयोगले योग्यता प्रणालीलाई आत्मसात गर्दै यस प्रणालीलाई अझ सुदृढ गराउने सन्दर्भमा आवश्यक सुधारका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउँदै जानेछ